SHANTI JOURNAL
A Multidisciplinary Peer Reviewed Journal

**SHANTI JOURNAL :** A Multidisciplinary Peer Reviewed Journal
Print ISSN: 2961x1601: E-ISSN: 2961-161x
ejournal Site: www.nepjol.info/index.php/shantij
• Peer-Reviewed, Open access Journal
•Indexed in Nepjol

**BISHWA SHANTI CHIRAN-MILAN CAMPUS**
**URL:** www.bishwashanticampus.edu.np

# उत्तरवर्ती नेपाली उपन्यासमा जीवनीपरकता

डा. जीवन श्रेष्ठ
उप-प्राध्यापक, नेपाली विभाग,
पाटन सं. क्याम्पस

**Article History: Submitted** 23 January **Reviewed** 18 Februray **Revised** 20 March

**Corresponding Author:** डा. जीवन श्रेष्ठ **E-mail:** jistha@gmail.com

Copyright 2023 © The Author(s). The publisher may reuse published articles with prior permission of the concerned author(s). The work is licensed a Creative Commons Attribution-NonCommercial 4.0 International License . www.nepjol.info/index.php/shantij

## शोधसार

*पछिल्लो समयका औपन्यासिक कृतिहरु उत्तरवर्ती नेपाली उपन्यास हुन् । राजनीतिक परिवर्तिन र उपन्यासमा देखापरेका नवीन प्रवृत्तिका कारण २०५० सालपछिका उपन्यास पूर्ववर्ती चरणका कृतिहरुभन्दा भिन्न रहेका छन् । यस आधारमा नेपाली उपन्यासमा २०५० सालपछिको समयावधिउत्तरवर्ती चरण हो । यस चरणका उपन्यासमा नवीन विषय र शिल्पको खोजी गरिएको छ । यस क्रममा पछिल्लो समय जीवनीपरकतालाई पनि नवीन विषयका रुपमा प्रयोग गरिएको छ । जीवनीपरकता भनेको व्यक्ति-जीवनमा आधारित उपन्यासको विषयगत प्रयोग हो । यसै सन्दर्भमा उत्तरवर्ती नेपाली उपन्यासमा विषयका रूपमा जीवनीपरकताको प्रयोग के-कसरी गरिएको छ भन्ने समस्यामा केन्द्रित भएर यो शोधलेख तयार गरिएको छ । यसको समाधानका लागि सोद्देश्यमूलक समग्र छनोट विधिका आधारमाविश्लेष्य उपन्यासहरू चयन गरिएको छ । त्यसमा पनि उत्तरवर्ती चरणको पहिलो दशकका उपन्यासको मात्र अध्ययन गरिएको छ । समस्याको समाधानका लागि गरिने प्रायोगिक कार्यका लागि आवश्यक तथ्यहरू विश्लेष्य उपन्यासहरूबाट लिइएको छ । यसरी गरिएको अध्ययनलेजीवनीपरकता उत्तरवर्ती चरणको विषयगत प्रवृत्ति रहेको देखाएको छ । यस चरणमालेखक स्वयम्को जीवनीमा आधारित उपन्यास र अन्य व्यक्तिको जीवनीमा आधारित*

*उपन्यास गरीमुख्यतः दुई प्रकारका जीवनीपरक उपन्यासहरू पाइएका छन् । पहिलो प्रकारका उपन्यासहरूमा पनि काल्पनिक पात्रका माध्यमबाट अभिव्यक्त लेखकीय जीवन र लेखक स्वयम् पात्रका रूपमा उपस्थित भएर प्रस्तुत लेखकीय जीवन गरी दुई पद्धति उपयोग गरिएको छ । अन्य व्यक्तिको जीवनीमा आधारित कृतिमा उपन्यासकारको उपस्थिति गौण रहेर वर्ण्य-पात्र मुख्य भूमिकामा रहेको छ । यसको प्रयोगले नेपाली उपन्यासको विषयगत आयामलाई फराकिलो बनाएको छ । साथै महान् व्यक्तिहरूको जीवनवृत्तमा आधारित इतिहासलेखनको व्यतिरेकमा सामान्य व्यक्तिको जीवनीका माध्यमबाट इतिहास लेखनको नवीन आयाम पनि खोजी गरेको छ ।*

**शब्दकुञ्जी :** अनुभवोन्यास, आत्मसंस्मरण, जीवनवृत्त, नवइतिहासवाद ।

## विषय परिचय

'उत्तरवर्ती' समयबोधक विशेषण शब्दले पछिल्लो समयको भन्ने अर्थ बुझाउँछ । पछिल्लो समय नेपाली उपन्यासमा नवीन विषय र शिल्पको खोजी गर्ने क्रममा व्यक्ति-जीवनको यथार्थलाई पनि विषय बनाइएको छ । यस सन्दर्भलाई प्रस्तुत शोधलेखमा जीवनीपरकताका रूपमा अध्ययन गरिएको छ । आधारभूत रूपमा उपन्यास जीवन-यथार्थसँग नै सम्बन्धित हुन्छ यद्यपि तिनको यथार्थता प्रस्ट हुँदैन । यस अवस्थामाम वास्तविक संसारको यथार्थ व्यक्तिको जीवनवृत्तलाई नै औपन्यासिकीकरण गर्नु एउटा नवीन विषयको खोजी हो । त्यसका लागि उत्तरवर्ती उपन्यासलाई विश्लेष्य सामग्री बनाइएको छ तर नेपाली उपन्यासको उत्तरवर्ती चरणका सन्दर्भमा विद्वान्हरू बिच मतैक्यताको अभाव छ । त्यसैले यहाँ सर्वप्रथम नेपाली उपन्यासको उत्तरवर्ती कालखण्डबारे विमर्श गरी त्यसको निराकरण गर्नु आवश्यक देखिन्छ ।

आधुनिक नेपाली उपन्यासको उत्तरवर्ती चरणसम्बन्धमा विभिन्न विद्वान्हरूको आआफ्नै विचार रहेका छन् । विश्वविद्यालयमा अध्ययनअध्यापनका सहजताका निम्ति मोटामोटी रूपमा कवितालगायत अन्य विधाका सादृश्यमा २०३६ सालपछिको अवधिलाई उत्तरवर्ती चरण मान्ने गरिएको छ । तर यस समयमा उपन्यासको चरण विभाजनको स्पष्ट आधार बन्न सकेको देखिँदैन । खगेन्द्रप्रसाद लुइटेलका अनुसार “सूक्ष्म रूपले अध्ययन गर्दा यस समयावधिका कतिपय उपन्यासमा विभिन्न प्रकारको प्रयोग र प्रवृत्तिगत सूक्ष्म भिन्नता पाइए पनि मूलतः परम्परालाई नै निरन्तरता दिँदै पूर्ववर्ती उपन्यासकारहरूबाट निर्मित गोरेटोलाई विस्तार गर्ने कार्य नै बढी मात्रामा भएको छ” (२०६९, पृ. २३२-२३३) । नेपाली उपन्यासको इतिहास कृतिमा अभिव्यक्त यस भनाइले नै पुष्टि गर्छ कि यस समयमा नेपाली उपन्यासले नवीन मार्ग निर्माण गर्न सकेको छैन, “निर्मित गोरेटो”लाई नै विस्तार गर्ने कार्य मात्र भएको छ । यसपछि उनले नै “सबैजसो विधामा समसामयिक धारा वा उत्तरवर्ती चरणको थलानी २०३६ सालदेखि भएको हुँदा नेपाली उपन्यासमा पनि २०३६

सालपछिको समयलाई समसामयिक धारा वा उत्तरवर्ती चरण गरी विधागत इतिहासमा एकरूपता ल्याउन खोजिएको'' प्रष्टोक्ति दिएका छन् (पृ. २३३) । यस आधारमा २०३६ सालपछिको समयलाई उत्तरवर्ती चरण भनी गरिएको चरण विभाजनमा कुनै तथ्यगत आधार देखिँदैन । त्यसपछि कोइराला (२०६८) ले २०४० सालपछिको अवधिलाई उत्तरवर्ती चरण मान्नुपर्ने विचार प्रस्तुत गरेका छन् (पृ. १३८) तर यसका निम्ति उनले पनि वस्तुगत आधार दिन सकेका छैनन् । पाण्डे (२०६९) ले लैङ्गिक अध्ययनका दृष्टिले २०४६ सालपछिको अवधिलाई उत्तरवर्ती चरण मान्नुपर्ने विचार व्यक्त गरेकी छन् (पृ. ३०) । यसै सन्दर्भमा श्रेष्ठ (सन् २०२१) ले २०५० सालपछिका उपन्यासमा नवीन प्रवृत्ति देखापरेकाले त्यसपछिको अवधिलाई उत्तरवर्ती चरण मान्नुपर्ने विचार व्यक्त गरेका छन् (पृ. २८१) । उनले यस समयपछि अधिआख्यानात्मक उत्तरआधुनिकतावाद एउटा नवीन प्रवृत्तिका रूपमा देखापरेकाले नेपाली उपन्यास नयाँ मोडमा प्रवेश गरेको उल्लेख गरेका छन् । उनले ध्रुवचन्द्र गौतम र ध्रुव सापकोटाको सहलेखनमा रहेको ज्यागा (२०५०) लाई यस चरणको आरम्भक कृति मानेका छन् । यसमा ‘उपन्यास लेखनको प्रक्रिया’लाई विषय बनाइएको छ । यो उत्तरआधुनिक उपन्यास लेखनको अधिआख्यानात्मक प्रवृत्ति हो । यसपछिका अन्य उपन्यासहरूमा पनि यस्तै प्रवृत्तिका साथै अन्य उत्तरआधुनिक प्रवृत्तिलाई विचार, अन्तर्वस्तु र शिल्पका तहमा प्रयोग गरिएका छन् । बहुदलीय प्रजातन्त्रको पुनर्स्थापना, उत्तरआधुनिकतावादी चिन्तनको प्रभाव र प्राविधिक क्षेत्रको नवीन विकासका पृष्ठभूमिमा २०५० सालपछि नेपाली उपन्यासहरू विषयगत र शिल्पगत रूपमा नै नयाँ मोडमा प्रवेश गरेको हुनाले यस समयलाई उत्तरवर्ती चरणको आरम्भ मान्नु वस्तुगत अध्ययनका दृष्टिले उपयुक्त हुन्छ । त्यसैले यस शोधकार्यमा पनि २०५० सालपछिको अवधिलाई उत्तरवर्ती चरण मानेर अध्ययन गरिएको छ ।

उत्तरवर्ती नेपाली उपन्यासका सन्दर्भमा विभिन्न अध्ययनहरू भएको पाइए पनि जीवनीपरक उपन्यासको विस्तृत खोजी र विश्लेषण भएको छैन । प्रधान (२०६०) ले ध्रुवचन्द्र गौतमलाई अनुभवउपन्यास लेखनका नवीन प्रयोक्ता भनी चर्चा गरेको भए पनि उत्तरवर्ती चरणका अन्य जीवनीपरक उपन्यासको खोजी गरेका छैनन् । धराबासी (२०६२) ले पछिल्ला नेपाली उपन्यासहरूमा विधाहीनता, बहुलता, चरित्र अवतार, अराजकता, मिथकीयता, पुनर्लेखन, तथ्य र स्वैरकल्पना जस्ता विशेषताहरू पाइने विचार व्यक्त गरेका छन् । त्यस्तै एटम (२०६७) ले आत्मकथालाई समसामयिक उपन्यास लेखनको विषयगत प्रवृत्ति भएको उल्लेख गरेका छन् तर उनले त्यसको गहन खोज र विश्लेषण गरेका छैनन् । यसरी नेपाली उपन्यासको पछिल्लो प्रवृत्तिबारे विभिन्न अध्ययनहरू भए पनि यसमा प्रयुक्त जीवनीपरकताको विस्तृत खोजी र गहन विश्लेषण हुन सकेको छैन । यस सन्दर्भमा उत्तरवर्ती चरणका उपन्यासहरूको अध्ययन गरी जीवनीपरक उपन्यासको खोजी गर्नु र त्यसको विश्लेषण गर्नुप्राज्ञिक अध्ययनका दृष्टिले वाञ्छनीय देखिन्छ । त्यसैले यो शोधकार्य उत्तरवर्ती नेपाली उपन्यासमा प्रयुक्त जीवनीपरक विषयको खोजी र अध्ययनमा केन्द्रित छ ।

## शोधसमस्या र उद्देश्य

उत्तरवर्ती नेपाली उपन्यास नवीन विषयको प्रयोगका दृष्टिले महत्त्वपूर्ण रहेको छ। मानव समाजमा विकसित नवीन विषय मात्र नभएर प्रचलित विषयको नवीन प्रयोगले पनि उपन्यासमा विषयगत नवीनता ल्याएको छ। उपन्यासको कुनै पात्रका रूपमा व्यक्ति-जीवनको चित्रण हुने गरेको भए पनि वास्तविक व्यक्तिको जीवन-यथार्थलाई नै विषय बनाएर नवीन ढङ्गले प्रस्तुत गर्नु नेपाली उपन्यासको नौलो प्रयोग हो। पछिल्लो समय यस प्रवृत्तिका उपन्यासहरू लेखिन थालेको सन्दर्भमा तिनको खोजी र अध्ययन गर्नु आवश्यक देखिन्छ। त्यसैले उत्तरवर्ती नेपाली उपन्यासमा जीवनपरकताको अवस्था के-कस्तो छ भन्ने मूल शोधसमस्यामा केन्द्रित भएर यो लेख तयार पारिएको छ। यस समस्याको समाधानका लागि निम्न लिखित शोधप्रश्नहरू तयार पारिएका छन् :

(क) उत्तरवर्ती चरणका कुन कुन उपन्यास जीवनीपरक रहेका छन् ?

(ख) उत्तरवर्ती चरणका जीवनीपरक उपन्यासमा कस्ता कस्ता व्यक्तिको जीवनलाई विषय बनाइएको छ ?

(ग) उत्तरवर्ती चरणका जीवनीपरक उपन्यासमा व्यक्ति-जीवनलाई कसरी विषयकृत गरिएको छ ?

यिनै शोधप्रश्नहरूको निराकरण गर्नु नै यस शोधकार्यको उद्देश्य रहेको छ।

## अध्ययन विधि

प्रस्तुत अनुसन्धान जीवनीपरक उपन्यासको अध्ययनमा केन्द्रित छ। त्यसैले उत्तरवर्ती समयका जीवनपरक उपन्यासहरू यसका प्राथमिक सामग्री हुन्। तिनको छनोट समग्र अध्ययन विधिका आधारमा गरिएको छ। यससँग सम्बन्धित सैद्धान्तिक कृति, समालोचनात्मक लेख-रचना, नेपाली उपन्याससम्बन्धी ग्रन्थ, पत्रपत्रिकामा प्रकाशित लेख, भूमिका, शोध कार्यहरूको प्रतिवेदन आदि यसको द्वितीयक सामग्री हुन्। तिनको सङ्कलन पुस्तकालयीय कार्य र इन्टरनेटका माध्यमबाट गरिएको छ। समस्याको समाधानका लागि गरिने प्रायोगिक कार्यका लागि आवश्यक तथ्य/सामग्रीको सङ्कलन पनि विश्लेष्य उपन्यासहरूको पठनबाट गरिएको छ। तसर्थ यो पाठविश्लेषणमा आधारित अध्ययन हो। यसमा चयनित पाठहरूबाट आवश्यक तथ्यहरू प्रस्तुत गरी तिनको विश्लेषणबाट समाधान निकालिएको छ।

## सीमा

उत्तरवर्ती चरणका नेपाली उपन्यासमा जीवनीपरकताको अध्ययन गरिएको यस शोधलेखमा पचासको दशकका उपन्यासहरूको मात्र अध्ययन गरिएको छ। यसपछि पनि जीवनीपरक उपन्यासहरू लेखिने क्रम जारी रहेको भए पनि उत्तरवर्ती चरणको पहिलो दशकका उपन्यासको मात्र अध्ययन गर्नु यस लेखको सीमा रहेको छ।

## छलफल र विमर्श
## उपन्यासको विषयसम्बन्धी सैद्धान्तिक चर्चा

उपन्यास साहित्यको आख्यान विधाअन्तर्गत पर्ने भाषिक कलाहो । यसलाई लिखित शब्दहरूद्वारा निर्मित कला वा शिल्पका रूपमा परिभाषित गरिएको छ (www.britannica.com/art/novel) । तर यो कला मात्र नभएर विचार अभिव्यक्तिको विशिष्ट माध्यम पनि हो । तसर्थ यसमा विचार अभिव्यक्तिका लागि विषय र शिल्प दुईवटा आधारभूत पक्षहरू हुन्छन् । प्राचीन ग्रिसेली चिन्तक एरिस्टोटलले जीवनजगत्को अनुकरणलाई नै कलाको विषयका रूपमा चर्चा गरेका छन् भने यसको शिल्पका सम्बन्धमा कुरा गर्दै अन्वितियुक्त निश्चित घटनाहरूलाई विभिन्न किसिमले सजाइएको हुनुपर्छ भन्ने विचार व्यक्त गरेका छन् । यस आधारमा उपन्यास कलाका रूपमा गद्यभाषाका माध्यमबाट कलात्मक ढङ्गले गरिएको जीवन जगत्को चित्रण हो ।

साहित्यिक विधाका रूपमा उपन्यासको विकास अन्य विधाभन्दा पछि भएकाले यसको अध्ययन र चिन्तन पनि आधुनिक कालमा आएर मात्रै भएको पाइन्छ । विशेषगरी उन्नाइसौँ शताब्दी उपन्यास लेखन र अध्ययनका लागि उपलब्धिपूर्ण रहेको छ । यथार्थवादी युगमा जीवन जगत्को यथार्थ अङ्कनमा उपन्यास विधाको योगदान महत्त्वपूर्ण रहेको छ भने उत्तरआधुनिकतावादी युगमा पनि उपन्यास विधालाई विशेष रूपमा उपयोग गरिएको पाइन्छ । हाल यो जीवनएवम् समाजको समग्र अध्ययन गर्ने साहित्यको प्रतिनिधि विधाका रूपमा स्थापित भएको । यस परिप्रेक्ष्यमा ‘उपन्यास अध्ययनको समग्रता ‘के’ र ‘कसरी’ मा विभाजित भएको’’ पाइन्छ, ‘के’लाई जोडदिनेहरू समाज, इतिहास, सामाजिक सम्बन्ध, मानवीय मूल्य र औपन्यसिक परम्पराको नवीन समृद्धिलाई जोड दिन्छन्’’ (बराल, २०६३, पृ. १८) । यस आधारमा उपन्यासकोविषयसँग मानव-जीवन र यससँग सम्बद्ध विविध पक्षहरूआउँछन् । यसका अतिरिक्त उपन्यासमा मानवेतर विषयहरूको प्रयोग पनि गरिएको पाइन्छ । प्रकृति, ब्रह्माण्ड, अतिमानवीय तथा मानवेतर प्राणीहरूका विविध पक्षहरू पनि उपन्यासको विषयका रूपमा प्रयोग गरिएको भए पनि तिनीहरू मानव-जीवनसँग कुनै न कुनै किसिमले सम्बद्ध हुन्छन् । त्यसैले उपन्यासको विषय मानव-जीवन र यसका विविध पाटाहरू नै हुन् ।

हेनरी जेम्सले उपन्यासको विषय जीवन हो भन्ने विचार व्यक्त गरेका छन् । उनका अनुसार वैयक्तिक जीवन-अनुभव र अनुभूति नै उपन्यासको विषय हुन आउँछ (सन् १८८४, पृ. ३३) । उपन्यासकारले भोगको जीवन र त्यसका अनुभवहरू उपन्यासका विषय हुन् । ‘अनुभूतिलाई प्रतिपादन गर्न आकार चाहिन्छ । वस्तु नभई आकार हुँदैन । सङ्गीत-चेतनालाई प्रकाश दिन वीणा चाहिन्छ । वीणा हुनालाई काठ-रुख-बिउ आवश्यक हुन्छ । त्यही बिउ, त्यही रुख, त्यही काठ कथाको सामग्री हो, वस्तु हो (नेपाल, सन् २००५, पृ. ३२) ।यस आधारमा उपन्यासकारको जीवन र जगत्प्रतिको अनुभूति नै उपन्यास हो । नेपालको यस भनाइ हेनरी जेम्सको विचारबाटै

प्रभावित देखिन्छ । जीवन जगत्को अनुभूतिबाट विचार जन्मिन्छ, त्यसै विचारको सम्प्रेषणका लागि उपन्यास-कलाको उपयोग गर्ने सन्दर्भमा विचारलाई आधारभूमि प्रदान गर्न विषयको प्रतिपादन गरिन्छ । कृष्णचन्द्रसिंह प्रधानले पनि मानव-जीवनलाई उपन्यासको विषय मानेका छन् (२०६१, पृ. ४) । उनले व्यक्तिको वैयक्तिक जीवन तथा सामाजिक जीवन हुने भएकाले उपन्यासमा दुवै प्रकारका जीवन विषयका रूपमा आउँछ भन्ने विचार व्यक्त गरेका छन् । उनका मतमा "समाजका अन्तर्विरोधहरू, व्यक्ति-मनका अन्तर्द्वन्द्वहरू, समस्याहरूमा जेलिएका यथार्थ जीवनका अल्झाहरू तथा अविछिन्न गतिले अनेकौँ फट्को हालेर बढिरहेको मनुष्य र उसका प्रयत्नहरूको प्रतिबिम्बनमा उपन्यासको कल्पनालोक निर्मित हुन्छ" (पृ. १) । उपन्यास काल्पनिक लेखन भए पनि यसको आधार वास्तविक जगत् हुने भएकाले यसमा मानव-जीवन र यसका बाह्यान्तरिक यथार्थ जगत् नै उपन्यास-रचनाको विषयगत आधार हो ।

उपन्यासको विषय यसको विचार वा सारसँग सम्बन्धित भएर आएको हुन्छ । उपन्यासका सन्दर्भमा 'उपन्यास केका बारेमा छ' भन्ने कुरा विषय हो भने 'अर्थलाई कसरी परिभाषित गरिएको छ' भन्ने कुराचाहिँ विचार हो । अर्थात् जसका बारेमा लेखिएको हुन्छ त्यो विषय हो भने, उपन्यासको विचार के कुरा बयान गरिएको छ भन्ने कुरा हो । जस्तै कुनै उपन्यास समाजको विशिष्ट पक्षबारे लेखिएको छ भने त्यसको विषय समाज हुन्छ । त्यस उपन्यासमा के छ भनी प्रश्न गरिएको अवस्थामा समाज छ भन्ने उत्तर आउँछ । त्यसै समाज विषयक उपन्यासमा छिमेकीहरू बिच कहिलेकाहीँ झगडा भए पनि आवश्यक पर्दा एकअर्कामा सरसहयोग हुन्छ भन्ने कुराको बयान गरिएको छ भने यो विचार हुन्छ । त्यसैले उपन्यासमा विषय आधारभूमि हो भने त्यसैभित्र निर्दिष्ट पक्ष विचार हो । यद्यपि उपन्यास सिर्जनामा विचारले विषयको माग गर्दछ र त्यसैको आधारभूमिमा विचार प्रस्फुटित हुन्छ । त्यसैले यी दुई एकअर्कामा अन्तरसम्बन्धित छन् । यस्तै प्रकारको एउटा विषय जीवनपरकता पनि हो । यसको प्रयोग पनि खास वैचारिकीलाई आधार बनाएर गरिएको छ ।

## उत्तरवर्ती जीवनीपरक उपन्यासको सर्वेक्षणर विश्लेषण

उत्तरवर्ती चरणमा व्यक्तिको जीवनवृत्तमा आधारित उपन्यासहरू पनि प्रकाशित छन् । यसअघि पनि व्यक्ति-जीवनमा आधारित जीवनीपरक उपन्यासहरू लेखिएका छन् । लैनसिंह बाङ्देलको रेम्ब्रान्ट (२०२३), मञ्जुलको छेकुडोल्मा(२०२६) आदि यस्तै प्रकृतिका उपन्यासहरू हुन् । यी उपन्यासहरूका चरित्र नायक राष्ट्रिय वा अन्तराष्ट्रिय रूपमा ख्याति प्राप्त व्यक्तिहरू छन् । यसरी सामाजिक, राजनीतिक, धार्मिक, कला, साहित्य आदि कुनै पनि क्षेत्रमा प्रसिद्धि कमाएका व्यक्तिहरूको जीवनीमा आधारित उपन्यासहरू लेखिनु साहित्य जगत्मा नवीन विषय होइन तर यस चरणमा त्यसरी चर्चित नभएका सामान्य व्यक्तिहरूको जीवनवृत्तलाई विषय बनाएर पनि उपन्यास रचना गरिएका छन् । उत्तरवर्ती चरणमा *एक्काइसौँ शताब्दीकी सुम्निमा*(२०५८), ध्रुवचन्द्र गौतमको

*बाढी*(२०५६) र कृष्ण धराबासीको *आधाबाटो* (२०५९) प्रभृत्तिका उपन्यासहरूमा जीवनीपरकता पाइन्छ ।

व्यक्ति-जीवनलाई विषय बनाएर कृति रचना गर्ने सन्दर्भमा नेपालीमा दुई प्रकारका उपन्यासहरू रहेका छन् : अन्य व्यक्तिको जीवनीमा आधारित उपन्यास र लेखक स्वयम्‌को जीवनीमा आधारित उपन्यास । पहिलो प्रकारको उपन्यासलाई अप्रदीप नेपालको *एक्काइसौँ शताब्दीकी सुम्निमा*ले प्रतिनिधित्व गर्दछ भने दोस्रोलाई ध्रुवचन्द्र गौतमको *बाढी* र कृष्ण धराबासीको आधाबाटो उपन्यासले प्रतिनिधित्व गर्दछन् । पहिलोमा उपन्यासकार प्रदीप नेपालले उनकी श्रीमतीको जीवनवृत्तलाई आधार बनाइएका छन् भने दोस्रोमा उपन्यासकारहरूले आफ्नै जीवनलाई आधार बनाएका छन् ।

## लेखकीय जीवनमा आधारित उपन्यास

लेखकीय जीवनमा आधारित उपन्यासमा उपन्यासकारले आफ्नो जीवनका अनुभव र अनुभूति मात्र अभिव्यक्त गरेको हुँदैन यसका समग्र घटनाक्रम नै उनकै जीवनीमा आधारित हुन्छ । त्यसमा संलग्न पात्रहरू पनि लेखकीय जीवनसँग सम्बन्धित नै हुन्छन् । उपन्यासको केन्द्रीय भूमिकामा लेखक स्वयम् हुन्छ । यसरी मुख्य भूमिकामा लेखकीय उपस्थिति देखाउने पनि दुई वटा पद्धति रहेका छन् : काल्पनिक पात्रका रूपमा र वास्तविक व्यक्तिका रूपमा । ध्रुवचन्द्र गौतमका उपर्युक्त उपन्यासमा पहिलो पद्धति र कृष्ण धराबासीका उपन्यासमा दोस्रो पद्धतिको प्रयोग गरिएको छ ।

ध्रुवचन्द्र गौतमको *बाढी*उपन्यासमा उपन्यासकार गौतमले आफ्नो जीवनवृत्तलाई काल्पनिक पात्र चेतचन्द्रका माध्यमबाट प्रस्तुत गरेका छन् । यसलाई परम्पराभन्दा भिन्न प्रकारको अनुभवन्यास भनिएको छ । लेखकले आफ्नो जीवनमा भोगेका यथार्थलाई आख्यानात्मक रूपमा प्रस्तुत गरिएको यस उपन्यासका घटना र अन्य पात्रहरू यथार्थ जीवनमा आधारित रहेका छन् । यस कृतिभित्रै उपन्यासकार गौतम पात्र, पर्यवेक्षक, संस्मरणकार, लेखक वा भोक्ताका भूमिकामा आएका छन् । यसमा लेखक आफू चेतचन्द्रका रूपमा प्रस्तुत भएको जानकारी पनि उपन्यासभित्र नै प्रस्तुत गरिएको छ । यसमा उपन्यासकार गौतमको बाल्यकाल बिताएको वीरगञ्जका घटनाहरूदेखि विद्यावारिधिका निम्ति डेक्कन कलेज बस्दासम्मका घटनाहरूलाई आख्यानात्मक किसिमले प्रस्तुत गरिएको छ । यस प्रकारको आत्मकथात्मक उपन्यास लेखनको आरम्भ यसै कृतिबाट भएको हो एटम, २०६७, पृ. २२) । यसरी आत्मपरक विषयलाई उपन्यासका रूपमा प्रस्तुत गरेर यसले नेपाली उपन्यास परम्परामा विषयगत नवीनताको ढोका खोलेको छ ।

प्रस्तुत कृतिमा लेखकले आफूलाई चेतचन्द्र पात्रका माध्यमबाट प्रस्तुत गरेका छन् । उपन्यासको पात्र चेतचन्द्रले भोगेका यथार्थहरू लेखक ध्रुवचन्द्र गौतमका अनुभवहरू नै रहेका छन् ।

यस कृतिको भूमिकामा रोशन थापा नीरवले व्यक्त गरेको विचारले पनि यसलाई पुष्टि गरेको छ :

> ध्रुवचन्द्र र चेतचन्द्र नाउँ फरक भए पनि यस कृतिमा वर्णित र उपस्थित व्यक्ति एकै हुन्, रत्तीभर पृथक् छैनन् । यी दुई पात्र एकै सिक्काका दुई पाटा हुन् । यसैले पाठकहरूले चेतचन्द्रलाई यहाँ ध्रुवचन्द्र भनेरै अनुभव गर्छन् र चिन्छन् भने ध्रुवचन्द्र आफूलाई चाहिँ ध्रुवचन्द्र होइन चेतचन्द्र भनेर व्यक्त गर्छन् । यसर्थ यहाँ चेतचन्द्र र ध्रुवचन्द्रमा फरक छैन । ... यसो गर्नुको कारण अनुभवमा संस्करणको विधाबाट छुट्याई आख्यानको मिश्रण गर्दै राख्ने हुनाले अनुभवन्यासमा सार्थकता भर्नु हो । (पृ. य)

आत्मसंस्मरणको विधाभन्दा फरक बनाउन यसमा अर्को काल्पनिक पात्रको प्रयोग गरिएको छ तर यसमा वर्णित घटनाहरू उपन्यासकारले उनको वास्तविक जीवनमा भोगेका, देखेका र अनुभव गरेका यथार्थ कुराहरू नै रहेका छन् । उपन्यासमा वर्णन गरिएको यस सन्दर्भले उपन्यासकारको जीवन-यथार्थलाई उजागर गरको छ :

> बम्बईको एउटा सडकमा एकाबिहानै एउटा मानिस ट्रकले किच्चिएर मरेको दृश्य देखियो । वीभत्स किसिमले किचिएको रहेछ । ... किच्चिने मानिस बम्बईको थिएन । को थियो, कहाँको थियो, सनाखत पनि हुन सकेको थिएन । 'विशाखदत्त तिम्रो नाउँ के हो कथाको आधार त्यही दृश्य थियो । (पृ. ५०)
>
> "काठमाडौं फर्केपछि ऊ *कट्टेल सरको चोटपटक* लेख्न थालेको थियो । एउटा प्रसङ्गमा कट्टेलको छोरो मर्छ । त्यसलाई पनि नेफ्राइटिस वा नेफ्रोटिक सिन्डम भएको हुन्छ । भनिरहनु पर्दैन कट्टेल सरको त्यो घटना डा. रावकै छोराको मार्मिक घटनाबाट प्रेरित थियो" (पृ. ५३) ।
>
> "हजुरआमाको सन्दुक, प्रकारान्तले पछि *दुविधा* उपन्यासको कथ्यमध्ये एक बनेको थियो" (पृ. ८२) । यसरी उपन्यासकार गौतमका जीवनका घटना र अनुभवहरूलाई उनले आफ्ना रचनामा विषय बनाएको उल्लेख गरेका छन् ।

माथिका सन्दर्भमा आएका कथा र उपन्यास लेखनका प्रसङ्ग उपन्यासकार गौतमको वास्तविक जीवन-यथार्थ हुन् । यिनलाई प्रस्तुत कृतिमा चेतचन्द्रको जीवनवृत्तका रूपमा प्रस्तुत गरिएको छ । यस्तै प्रकारका अन्य प्रसङ्गहरू पनि यस चित्रण गरिएको छ । आर्थिक अवस्था कमजोर रहेका कारण कतिपय कृतिहरू प्रकाशिन गर्दा आइपरेका कठिनाइहरूलाई पनि यसमा उल्लेख गरिएको छ :

> ०४३ सालमा उनको *निमित्त नायक* प्रकाशित भएको थियो । भर्खर एक तोला सुन किनेको थियो ।, धनी हुनलाई भन्नुपऱ्यो । आवश्यकताहरूले यस्तो च्याप्दा रहेछन्, पर्सिपल्टै त्यो सुन बेच्नुपऱ्यो । ऊ फेरि टाटको टाटै । त्यसबाटनिमित्त नायकका *निम्ति* कागतको बन्दोबस्त गरेको थियो । (पृ. १०६)

एकजना लेखकले भोग्नुपर्ने आर्थिक सङ्कटलाई यसमा यथार्थ रूपमा प्रस्तुत गरिएको छ । यस कृतिमा उपन्यासकार गौतमका *कट्टेल सरको चोटपटक, अलिखित*आदि उपन्यासहरू लेखन, प्रकाशन, फिल्म निर्माण, मदन पुरस्कार प्राप्त गरेको घटना र त्यसको रकमले सम्पूर्ण ऋण तिरेका प्रसङ्गहरू पनि यसमा प्रस्तुत गरिएको छ ।

यस प्रकार प्रस्तुत उपन्यासमा चेतचन्द्रका माध्यमबाट उपन्यासकार गौतमले आफ्ना जीवनका संस्मरण प्रस्तुत गरेको छ । काल्पनिक पात्र चेतचन्द्रका माध्यमबाट वास्तविक व्यक्ति ध्रुवचन्द्र गौतमका जीवनयथार्थ प्रस्तुत गरिएकोले यसमा यथार्थ र कल्पनाको मिश्रण गरिएको छ । यसले पाठकलाई तथ्य र कल्पनाको भ्रममा राखेको छ साथैयसले उपन्यासको विधागत स्वरूपलाई पनि भञ्जन गरेको छ । आत्मसंस्मरणको विषयलाई औपन्यासिकीकरण गरी यसले उपन्यास र आत्मसंस्मरण दुवै विधाको मिश्रण पनि गरेको छ । यसरी औपन्यासिक भ्रम र विधाभञ्जनका दृष्टिले यो कृति उत्तरआधुनिकतावादी विचारबाट प्रेरित देखिन्छ ।

कृष्ण धराबासीको *आधाबाटो* उपन्यासकारकै जीवनवृत्तमा आधारित उपन्यास हो । यसमा लेखकको आफ्नै जीवनका यथार्थ घटनाहरूलाई आख्यानात्मक रूपमा प्रस्तुत गरिएको छ । यसको आमुख भागमा 'यस कृतिमा उल्लेख भएका सबै पात्र तथा घटनाहरू वास्तविक हुन् कहीँ कतै काल्पनिकजस्ता लाग्न गएमा त्यसलाई संयोग मात्र ठान्नु पर्दछ' भन्ने कथन प्रस्तुत गरिएको छ । यसले उपन्यासका पात्र तथा घटनाहरूको यथार्थपनलाई पुष्टि गर्छ ।

आत्मवृत्तान्त शैलीमा लेखिएको हुनाले यो कृति परम्परागत उपन्यासभन्दा भिन्न प्रकारको रहेको छ । वास्तवमा यो परम्परागत रूपमा आत्मवृत्तान्त भए पनि यसलाई उपन्यासका रूपमा प्रस्तुत गरिएको छ । यस सम्बन्धमा उपन्यासकारको तर्क यस प्रकार रहेको छ : "यस कृतिमा लेखक अलग्गै छैन । लेखक विशिष्ट छैन । लेखक पनि अरु पात्रजस्तै नायक पात्र छ । लेखिएको छ यो आत्मवृत्तान्त परम्परात्मक प्रविधिले, आत्मवृत्तान्त नै तर भनियो यसलाई उपन्यास" (पृष्ठ ष) । यसरी आत्मवृत्तान्त भएर पनि यसलाई उपन्यास नाम दिइएको छ । यो उपन्यासको परम्परागत मान्यताभित्र पर्दैन भन्ने कुरा लेखक स्वयम्ले पनि स्वीकार गरेका छन् :

> उपन्यासमा स्थापित परिभाषा र विशेषताहरू यसभित्र छैनन् । परम्पराले मानेको औपन्यासिक सिद्धान्त- बहुविध, संरचनात्मक एकाइद्वारा हरेक अङ्ग परस्परमा शृङ्खलाबद्ध भई निश्चित मूल्य प्राप्त गरेको तथ्य, व्यापक परिधिभरिको समय र स्थानभित्र विस्तारित

> भएको कला-सौन्दर्ययुक्त कथात्मक गद्यलाई उपन्यास भनिन्छ - भित्र यो सर्लक्क छैन । यसभित्र घटनाहरूको सिलसिला छैन, शृङ्खलाबद्धता र निश्चित मूल्यप्राप्तिको लक्ष्य छैन । प्रचलित औपन्यासिक अनुशासनमा यो नरहेकाले यसले सिलसिला भत्काएको छ । त्यसो गर्न वा पार्न यो कृति लेखिएको होइन । ... सिद्धान्तबाट मुक्त लेखनले के पार्नु वा गर्नु छ र ?(पृष्ठ ब)

यसरी उपन्यासको परिभाषाभित्र समेटिन नसक्ने कृतिलाई उपन्यासका रूपमा प्रस्तुत गरिएको छ । यद्यपि यसलाई गहन ढङ्गले अध्ययन गर्ने हो भने उपन्यासका आधारभूत पक्षहरू पाउन सकिन्छ । परम्परागत उपन्यासमा जस्तै यसमा एक जना चरित्र नायक छ जो यथार्थमा आधारित काल्पनिक व्यक्ति नभएर यथार्थ जगत्को यथार्थ व्यक्ति, लेखक स्वयम् हो । यसमा पनि परम्परागत उपन्यासमा जस्तै विगतका घटनाहरूको समाख्याना गरिएको छ तर यसमा आख्यायित परिवेश लेखक स्वयम्ले भोगेको वास्तविकता हो : "यो कृति विगतको अभिलेख हो । २०२४ सालदेखि २०५८ सालसम्मको ३५ वर्षको कृष्ण धराबासीले देखेको सत्यको त्यो लेखन हो" (पृष्ठ व) । कुनै व्यक्तिले भोगेको वास्तविक भोगाइ उपन्यास हुन सक्छ कि सक्दैन भन्ने विषयमा विवाद हुन सक्ला तर उपन्यासको फराकिलो घेराभित्र व्यक्तिको जीवनवृत्त अवश्य पनि समेटिन सक्छ । त्यसैले उपन्यासकारले यस्तो तर्क गरेका छन् :

> वास्तवमा जीवन नै एक उपन्यास त हो नि- एउटा लामो आख्यान । जन्मदेखि मृत्युसम्मको एउटा व्यक्तिको जीवन नै एउटा ठूलो आख्यान समूह हो । ... बितेका हरेक इतिहासका पानाभरि विवशताका महान् अनुहारहरूलाई जब एक-एक गर्दै हेर्न थालेँ मलाई लाग्यो- यो सारा संसार नै एउटा ठूलो औपन्यासिक कृति हो, जसभित्र अनेक उपकथा, पुराकथा, मिथकहरू छन् । (पृ. प)

यद्यपि जीवन केवल उपन्यास मात्र होइन । उपन्यासकारका अनुसार जीवन अनेक विधाउपविधाको सुन्दर मेल हो । त्यसैले 'यो कृति उपन्यास हो, इतिहास हो, आत्मजीवनी हो, निबन्ध यात्रा, राजनीति, साहित्य, पत्रकारिता, अनेक विधा हो यो" (पृष्ठ फ) । यसरी व्यक्तिका जीवनवृत्तको फराकिलो क्षितिजभित्र इतिहास, आत्मजीवनी, निबन्ध, राजनीति, साहित्य, पत्रकारिता आदि अनेक विधा समेटिन सक्छ भने उपन्यासभित्र पनि यी सबै कुराहरू अटाउन सक्छन् । त्यसैले यो जीवनका यावत् पक्षहरूलाई समेटेको यथार्थमा आधारित उपन्यास हो भन्ने उपन्यासकारको तर्क रहेको छ ।

यसलाई अन्य समीक्षकहरूले पनि उपन्यासका रूपमा नै चर्चा गरेका छन् । भट्टराई (२०६०) ले यसलाई आत्मवृत्तात्मक उपन्यास भनी समीक्षा गरेका छन् । उनले यसलाई उत्तरआधुनिकतावादी आख्यानका रूपमा विश्लेषण गर्दै नेपाली उपन्यासको सय वर्षको अवधिमा

यो एउटा नयाँ आयाम हो भन्ने विचार व्यक्त गरेका छन् । शिवाकोटी(२०६०) ले यसमा नेपाली समाजको शोषण, दमन, पीडामय जीवन, राजनीति आदिको यथार्थ चित्रण गरिएकाले यो उपन्यास एक अत्यन्त नवीन प्रयोगशील उपन्यासको रूपमा रहेको विचार व्यक्त गरेका छन् । रेग्मी (२०६१) ले यस उपन्यासमा आएका सम्पूर्ण घटना, पात्र, स्थान, समय र वातावरण सबै यथार्थ तथा लेखकसँग नै सम्बद्ध भए पनि उपन्यासकारको विशिष्ट कलात्मक क्षमताले तिनीहरूलाई आख्यानीकरण गरिएकोले यसलाई व्यक्तिवृत्तमा आधारित सामाजिक, राजनीतिक विषयवस्तु भएको जीवनीमूलक आञ्चलिक उपन्यास भनेका छन् । सुब्बा (२०६८) ले घटना र पात्रहरू सबै यथार्थ भएको आत्मकथात्मक उपन्यास भनी यसको चर्चा गरेका छन् । यसरी उपन्यासकारको तर्क मात्र होइन अन्य विद्वान् समीक्षकहरूको विचारलाई ख्याल गर्दा पनि यो नवीन प्रवृत्तिको उपन्यास भएको कुरा पुष्टि हुन्छ । यसमा व्यक्ति जीवनको यथार्थ प्रस्तुत गरिएकाले यसलाई आत्मजीवनीपरक उपन्यास पनि भन्न सकिने देखियो भने समाज, राजनीति आदिका यथार्थ विषय भएकाले एक प्रकारले सामाजिक उपन्यासका रूपमा पनि चर्चा गर्न सकिन्छ भन्ने धारणा माथिका भनाइहरूमा प्रस्तुत गरिएको छ ।

प्रस्तुत कृति लेखकीय जीवनमा आधारित आत्मवृत्तान्तपरक उपन्यास हो भन्ने कुरा माथिका सन्दर्भहरूबाट स्पष्ट भइसकेको छ तर पनि उपन्यासकारको जीवनी मात्र नभएर यसभित्र '२०२४ सालदेखि २०५८ सम्मको ३५ वर्षको कृष्ण धराबासीले देखेको सत्य'' रहेको छ (पृ. व) । उपन्यासकारले जीवनबचाइ क्रममा देखेका सामाजिक, राजनीतिक, शैक्षिक, दार्शनिक पक्षहरू र यसबारे उनको विचार पनि प्रस्तुत गरिएकाले यसको विषय व्यापक रहको प्रस्ट  हुन्छ । यस कुरालाई तल प्रस्तुत उपन्यासकारको कथनले थप पुष्टि गर्छ :

> यो कृतिको लेखक समय हो । कृष्ण धराबासी त गणेश मात्र हो व्यासजीको सहयोगी जस्तो । धराबासीको कानमा समयले भन्दै गयो - कागजमा कलम दगुरिरह्यो- धराबासीय हातका माध्यमबाट । धराबासी स्वयम् पनि समयकै रचनाको पात्र हो ।... यस कृतिको लेखक छैन-सङ्कलक मात्र छ । समाजमा छरिएर रहेका घटनाक्रमहरूको सङ्कलन गरिएको हो - रचना होइन । लेखकले आफ्नै मनबाट कुनै कुरा पनि उत्पन्न नगरी ऊ स्वयम् पनि कथाभित्रै व्यतीत पात्र रहेकाले यसको सङ्कलन मात्र भएको हो । तसर्थ यो ३५ वर्षको शनिश्चरे बजारले लेखेको एउटा कृति हो जसको सङ्कलन मैल गरेँ (धराबासी, २०६८, पृ.ि) ।

प्रस्तुत कृतिमा उपन्यासकार धराबासीको जन्मदेखि आमाको मृत्यु हुँदासम्मका उनले देखेका र भोगेका सामाजिक, राजनीतिक, साहित्यिक आदि घटनाहरूको चित्रण गरिएको छ । यस उपन्यासकारको जीवनले भोगेको दरिद्रताको तितो अनुभूतिलाई जस्ताको त्यस्तै प्रस्तुत गरिएको छ । सानै उमेर बुबाको मृत्यु भएकाले आमाको एकल प्रयासमा बाँच्नका निम्ति गर्नुपरेका प्रेरणादायी

सङ्घर्षका कथाहरू यसमा चित्रण गरिएको छ । यसका साथै उनका विद्यार्थी जीवन, पेसागत जीवन, वैवाहिक जीवन, सामाजिक जीवन, राजनीतिक जीवन, साहित्यिक जीवन आदिको पनि प्रस्तुति यसमा रहेका छन् । आमाको मृत्युलाई उपन्यासकारले जीवनको सबैभन्दा महत्त्वपूर्ण क्षण भएकाले त्यस घटनासम्म आएपछि यसको अन्त्य गराइएको छ । यसरी उपन्यासकारले आफ्नै जीवनका सन्दर्भहरूबाट आत्मजीवनीपरक उपन्यास रचना गरेका छन् ।

## अन्य व्यक्तिको जीवनीमा आधारित उपन्यास

प्रदीप नेपालको एक्काइसौँ शताब्दीकी सुम्निमा उपन्यास लेखकीय जीवनभन्दा भिन्न अन्य व्यक्तिको वास्तविक जीवनवृत्तमा आधारित रहेको छ । यो कृति उपन्यासकारकीश्रीमतीको जीवनीमा आधारित छ । उपन्यासकारले एकालापीय शैलीमा पात्र स्वयम्लाई उनको जीवनका सम्पूर्ण घटनाहरू अभिव्यक्त गर्न लगाएका छन् । यसमा उनको जन्मदेखि यस उपन्यास लेखन (बयालिस वर्ष) सम्मको जीवनका आरोहअवरोहको चित्रण गरिएको छ : 'तपाईंलाई आफ्नो कथा सुनाइरहँदा बयालीस वर्ष लागिसकेकी छु । गएको एकचालीस वर्षमध्येको बीस वर्ष मैले बाँच्नका लागि कठोर सङ्घर्ष गरेका वर्षहरू हुन् । ती सङ्घर्षपूर्ण वर्षका अघिल्लो दस वर्षहरूमा मैले धेरै दुःख खेपेँ'' (नेपाल, २०६५, पृ. २) । समाख्याताले गरेका प्रश्नहरू उपन्यासमा नदेखाइएको भए पनि पात्रले जवाफ दिने क्रममा उनका प्रश्नका प्रसङ्गहरू रहेका छन् । यसैका आधारमा मुख्य पात्रले उनका जीवनका यथार्थ पाटाहरू खोल्दै गएका छन् ।

प्रस्तुत उपन्यासमा प्रथम पुरुष समाख्याताका माध्यमबाट जीवनका घटनाहरूलाई विभिन्न शीर्षकहरूमा चित्रण गरिएको छ । उपन्यासको आरम्भतिर हेर्दा कुनै लेखकले समाख्यातालाई उसको जीवनबारे बताइदिन आग्रह गरेकाले उसले आफ्नो जीवनकथा सुनाइरहेको देखिन्छ । समाख्याताले बारम्बार तपाईं भनेर प्रश्नकर्तालाई सम्बोधन गरेको भए पनि उसको प्रत्यक्ष उपस्थिति भने कतै पनि छैन । त्यसैले उपन्यासभरि समाख्याताको एकल भूमिका रहेको छ । "'मेरो आरम्भ'' उपशीर्षकबाट समाख्याताले उसको कथा भन्न थालेपछि यस उपन्यासको आरम्भ भएको छ । उसले जानकारी गराएअनुसार ऊ गोर्खा आर्मीकी छोरी हो र उसको जन्म त्यसबेलाको मलाया (मलेसिया)मा भएको हो :'पेनाङमै २०१५ सालको कात्तिक महिनामा मेरो जन्म भएको हो'' (पृ. १) । त्यसपछि उसले आफ्नो परिवार, राजनीतिक जीवन, प्रेमसम्बन्ध, जीवनका सङ्घर्षहरू, त्यसको अनुभव, अनुभूतिका साथै जीवनको अर्थबोध, आदर्श आदिका अतिरिक्त उसका दिनचर्या, रुचि आदिलाई क्रमागत रूपमा विभिन्न उपशीर्षकहरूमा वर्णन गरिएको छ । यसका अधिकांश घटनाहरू समाख्यानात्मक रूपमा प्रस्तुत गरिएका छन्, संवादात्मकताको प्रयोग अत्यन्त न्यून छ । त्यसैले यो एउटा वास्तविक व्यक्ति, उपन्यासकारकी श्रीमतीको जीवनवृत्तिलाई एउटा समाख्याताका माध्यमबाट चित्रण गरिएको जीवनीपरक उपन्यास हो ।

## निष्कर्ष

जीवनीपरकता एवम् आत्मपरकता पनि उत्तरवर्ती चरणका उपन्यासहरूको विषयगत प्रवृत्ति रहेको छ। यस चरणको पहिलो दशक (२०५०-२०५९) का उपन्यासहरूको अध्ययन गर्दा मुख्य दुई प्रकारका जीवनीपरक उपन्यासहरू रहेका छन् : लेखक स्वयम्को जीवनीमा आधारित उपन्यास र अन्य व्यक्तिको जीवनीमा आधारित उपन्यास। पहिलो प्रकारका उपन्यासहरूमा पनि काल्पनिक पात्रका माध्यमबाट अभिव्यक्त लेखकीय जीवन र लेखक स्वयम् पात्रका रूपमा उपस्थित भएर प्रस्तुत लेखकीय जीवन गरी दुई पद्धतिका उपयोग गरिएको छ। अन्य व्यक्तिको जीवनीमा आधारित कृतिमा उपन्यासकारको उपस्थिति गौण रहेर वर्ण्य-पात्र मुख्य भूमिकामा रहेका छन्। यसरी विभिन्न किसिमले व्यक्ति-जीवनका यथार्थलाई आख्यानीकरण गरी नवीन विषयको खोजी गरिएको छ।

जीवनीपरक उपन्यासले एकातिर नेपाली उपन्यासको विषयगत आयामलाई फराकिलो बनाएको छ भने अर्कातिर वैचारिक रूपमा नवइतिहासवादी दृष्टि अवलम्बन गरेको छ। महान् व्यक्तिहरूको जीवनवृत्तलाई आधार बनाएर सामाजिक एवम् राजनीतिक इतिहासको लेखन हुँदै आएको सन्दर्भमा सामान्य जीवनका आधारमा पनि यसको लेखन हुन सक्छ भन्ने वैचारिक भावलाई यसले व्यवहारतः प्रमाणित गरेको छ। विजेता नायकहरूको जीवनीमा आधारित लेखनमा सत्यका अंशहरू हराउन सक्ने भएकाले शक्ति र सत्तामा नरहेका सामान्य व्यक्तिको जीवनीमार्फत् इतिहास-सत्यको खोजी गर्न मार्गनिर्देश गर्नुमा यस प्रकारका उपन्यासहरूको योगदान रहेको छ। यस प्रवृत्तिको उपन्यास लेखनको आरम्भ गर्ने उपन्यासकार ध्रुवचन्द्र गौतमले यसरी लेखकीय जीवनवृत्तमा आधारित रहेर आख्यानको चतुष्माला नै निर्माण गरेका छन् भने अन्य साहित्यकारहरूले पनि अझ नवीन शिल्पमा यस प्रकारका जीवनपरक उपन्यासहरूको लेखन कार्य अघि बढाइरहेका छन्। यसरी उत्तरवर्ती उपन्यासको यस प्रवृत्तिले नेपाली उपन्यास परम्परामा एउटा नयाँ गोरेटो निर्माण गरेको छ।

(कृतज्ञता : प्रस्तुत लेख विश्वविद्यिलाय अनुदान आयोग, सानोठिमी, भक्तपुरको वृत्तिमा गरिएको **उत्तरवर्ती नेपाली उपन्यासका प्रवृत्ति** (२०५०-२०५९) शीर्षककोलघुअनुसन्धानमा आधारित रहेको छ।)

## सन्दर्भसूची

एटम, नेत्र (२०६७). *नेपाली डायस्पोरा र अन्य समालोचना.* काठमाडौँ : एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा. लि.।

कोइराला, कुमारप्रसाद(२०६८). *आख्यान विमर्श.* काठमाडौँ : ओरिएन्टल पब्लिकेसन।

गौतम, ध्रुवचन्द्र (२०५६). *बाढी.*काठमाडौँ : नेपाली लेखक सङ्घ।

गौतम, ध्रुवचन्द्र (२०५८). *मौन.* काठमाडौं : प्रतिभा प्रकाशन ।
धरावासी, कृष्ण (२०६२). समसामयिक नेपाली उपन्यास : प्रयोग र प्रवृत्ति. *गरिमा.* २३(९), पृ. ५१-६० ।
धराबासी, कृष्ण (२०६८). *आधाबाटो.*काठमाडौँ : पैरवी बुक हाउस ।.
नेपाल, घनश्याम (सन् २००५). *आख्यानका कुरा.* सिलगढी : एकता बुक हाउस प्रा. लि. ।
नेपाल, प्रदीप (२०६५). *एक्काइसौँ शताब्दीकी सुम्निमा* (दोस्रो संस्क.). ललितपुर : साझा प्रकाशन ।
पाण्डे, ज्ञानु (२०६९). *नेपाली उपन्यासमा लैङ्गिकता.* नेपाल प्रज्ञा-प्रतिष्ठान ।
प्रधान, कृष्णचन्द्रसिंह(२०६०). ध्रुवचन्द्र गौतमको उपन्यासकारिता.खुमनारायण पौडेल (सम्पा.). *आख्यानपुरुष डा. ध्रुवचन्द्र गौतम अभिनन्दन ग्रन्थ.*चितवन : चितवन वाङ्मय प्रतिष्ठान ।
बराल, ऋषिराज (२०६३). उपन्यासको सौन्दर्यशास्त्र (दोस्रो संस्क.). ललितपुर : साझा प्रकाशन ।
रेग्मी , शिव प्रणत (२०६१). आधाबाटोको पाठकीय परिवृत्त. *गरिमा,* २२/८, पृ. ५६-६७ ।
लुइटेल, खगेन्द्रप्रसाद (२०६९). *नेपाली उपन्यासको इतिहास.* काठमाडौँ : नेपाल प्रज्ञाप्रतिष्ठान ।
शर्मा, मोहनराज (२०५८). भूमिका. *मौन* (ले. ध्रुवचन्द्र गौतम). काठमाडौं : प्रतिभा प्रकाशन ।
शिवाकोटी, खगेन्द्र(२०६०). कति आँखा पुछिरहनु. *स्पेशटाइम्स,* वर्ष ? अङ्क ?, पृ. २ ।
श्रेष्ठ, जीवन (सन् २०२१). आधुनिक नेपाली उपन्यासको नवीन चरण, *स्कलार्स जर्नल,* ४ ( पृ. २६९-२८२). स्कलार्स एसोसिएन अफ नेपाल ।
श्रेष्ठ, दयाराम र शर्मा, मोहनराज (२०६३). *नेपाली साहित्यको सङ्क्षिप्त इतिहास*(आठौँ संस्क.).ललितपुर : साझा प्रकाशन ।
श्रेष्ठ, दयाराम (२०६६). *अभिनव कथाशास्त्र.* काठमाडौँ : पालुवा प्रकाशन प्रा. लि. ।
सुब्बा, विजय(२०६८). धराबासीको आधाबाटो हिँडेपछि. *आधाबाटो*(ले. कृष्ण धराबासी), काठमाडौँ : पैरवी बुक हाउस ।
सुवेदी, राजेन्द्र (२०६४). *नेपाली उपन्यास परम्परा र प्रवृत्ति* (दोस्रो संस्क.). ललितपुर : साझा प्रकाशन ।
Adams, H. (ed) (1992). *Critical Theory Since Plato* (Revised ed.). Harcourt Brace Jovanovich Inc.
Hughes, G. (2002). *Reading Novels.Nashville* : Vanderbitt University Press.
Salkeld, D. (2001). New Historicism. In C. Knellwolf & C. Norris (Eds.), *The Cambridge History of Literary Criticism* (pp. 59-70). Cambridge Univeristy Press. Doi: 10.1017/CHOL978521300148.006
www.britannica.com/art/novel. Retrieved on 12/27/2020.